# सूचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धि नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरण देहाय बमोजिम रहेको छ ।

## १) निकायको स्वरुप र प्रकृति

कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) अनुसार कम्पनी रजिष्टारको कार्यालयमा मिति २०६४/०८/१८ मा पव्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भई दर्ता नं. १०३६/०६४/०६५ रहेको तथा बीमा ऐन, २०४९ को दफा १० को उपदफा (३) अनुसार श्री बीमा समितिबाट मिति २०७४/०४/१८ मा जीवन बीमा सम्बन्धि व्यवसाय गर्ने इजाजतपत्र प्राप्त जीवन बीमा कम्पनी हो ।

## २) निकायको काम, कर्तव्य र अधिकार

बीमा ऐन, २०७९ बमोजिमको काम, कर्तव्य र अधिकार यस बीमा कम्पनीमा निहित रहेको छ ।

## ३) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

हाल यस कम्पनीमा ३२८ जना कर्मचारीहरु कार्यरत छन । कम्पनीले सम्पादन गर्नु पर्ने कार्यहरु विभिन्न कर्मचारीहरु मार्फत सम्पादन भइरहेका छन् । व्यवस्थापन समूहको नामावली कम्पनीको वेभसाइट www.reliablelife.com.np मा अध्यावधिक गरीएको छ ।

## ४) निकायबाट प्रदान गरिने सेवा

यस कम्पनीबाट विभिन्न जीवन बीमा, दुर्घटना तथा स्वास्थ बीमा र सामूहिक म्यादी बीमा जस्ता बीमा योजनाहरु सम्बन्धी सेवाहरु प्रदान गरिँदै आएको छ ।

## ५) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

सेवा प्रदान गर्ने निकायको शाखा उपशाखाहरुको विवरण कम्पनीको वेभसाइट www.reliablelife.com.np मा अध्यावधिक गरिएको छ ।

## ६) सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि

सामान्य जीवन बीमा, दुर्घटना तथा स्वास्थ बीमा र सामूहिक म्यादी बीमाको हकमा समितिको स्वीकृति तथा समितिद्धारा समय समयमा जारी गरिने निर्देशन बमोजिमको बीमाशुल्क तथा बीमाको हकमा कम्पनीको जोखिमाङ्कन विभाग तथा पुनर्बीमकबाट तोकिए बमोजिमको बीमाशुल्क भुक्तानी पश्चात तत्कालै बीमालेख उपलब्ध गराइन्छ । साथै दावी परेमा आवश्यक सम्पूर्ण कागजात तथा जानकारी प्राप्त भएको मितिले १५ दिन भित्र दायित्व निर्धारण गरि भुक्तानी पूर्जी (डिस्चार्ज भाउचर) जारी गरिन्छ र यसरी जारी गरेको भुक्तानी पूर्जी निवेदकबाट प्राप्त भएको मितिले १५ दिन भित्र बीमा दावी भुक्तानी गरिन्छ ।

**७) निर्णय गर्ने प्रकृया र अधिकारी**

बीमा कारोबारको सम्बन्धमा आवश्यकता अनुसार विभिन्न तहका कर्मचारीहरुलाई अख्तियारी प्रदान गरीएको छ । निर्णय उपर कुनै गुनासो भएमा विभागिय प्रमुख वा प्रमुख कार्यकारी अधिकृत समक्ष गुनासो राख्न सक्ने व्यवस्था मिलाइएको छ ।

**८) निर्णय उपर उजुरी सुन्ने अधिकारी**

उजुरीको प्रकृति अनुसार विभागीय प्रमुख र प्रमुख कार्यकारी अधिकृत ।

**९) सम्पादन गरेको कामको विवरण**

बीमा ऐन, २०७९ नेपाल बीमा प्राविधिकरणले तोके बमोजिम जीवन बीमा कम्पनीले गर्न सक्ने बीमा सम्बन्धी सम्पूर्ण कारोवारहरु सम्पादन भइरहेका छन ।

**१०) सूचना अधिकारी र प्रमुखको नाम र पद**

सूचना अधिकारीको नाम : श्री दिपेश बाबु तिवारी, वरिष्ठ सहायक महाप्रबन्धक
कार्यकारी प्रमूखको नाम : श्री नारायण बाबु लोहनी, प्रमुख कार्यकारी अधिकृत

**११) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची**

कम्पनी ऐन २०६३, बीमा ऐन, २०७९ नेपाल बीमा प्राधिकरणद्धारा जारी निर्देशन, परिपत्र, संस्थागत सुशासन निर्देशिका, श्रम ऐन २०७४ तथा नियमावली २०७५, बोनस ऐन २०३० तथा नियमावली २०३९, आयकर ऐन २०५८ तथा नियमावली २०५९, सम्पत्ति शुद्धिकरण ऐन, २०६४ र नियमावली, २०७३ आदि ।

**१२) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण**

यस कम्पनीको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी त्रैमासिक विवरणहरु राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशित गर्दै आएको छ पछिल्लो त्रयमासको वित्तीय विवरणहरु मिति २०८०/०१/२८ को राष्ट्रिय दैनिक अन्नपूर्ण पोष्ट मा प्रकाशित गरी कम्पनीको वेभसाइट www.reliablelife.com.np मा पनि अध्यावधिक गरीएको छ ।

**१३) तोकिए बमोजिम अन्य विवरण**

नभएको

**१४) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम आयोजना गरेको भए सो को विवरण**

अभिकर्ता सम्मेलन, कर्मचारी तथा अभिकर्ता तालिम, सेमिनार आदि ।

**१५) सार्वजनिक निकायको वेभसाइट भए सो को विवरण**

www.reliablelife.com.np

**१६) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र संझौता सम्बन्धी विवरण**

नभएको

**१७) सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन**

नभएको

**१८) सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि, आदि विवरण**

नभएको

**१९) सार्वजनिक निकायमा परेका सूचना माग, सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण**

नभएको

**२०) सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भए सोको विवरण**

यस कम्पनीको वेभसाइटमा ।

रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड
प्रधान कार्यालय, ज्ञानेश्वर, काठमाण्डौं, नेपाल
फोन नं. ४५२३६३०, ४५२३६१८, फयाक्स : ४५२३६५७
ईमेल : info@reliablelife.com.np
वेभसाइट : www.reliablelife.com.np